नेपाल धितोपत्र बोर्ड
दर्ता नं. ९९९६
मिति: ०३/१०


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
(नीति विश्लेषण शाखा)

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९३१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फयाक्स नं. ४४१७७८८
Website: www.ird.gov.np
लाजिम्पाट, काठमाण्डौं

प.सं.:२०७६/७७
च.नं.: १९३

मिति:-२०७७/३/४

विषयः गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) निसर्गको कर सम्बन्धमा ।

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाको च.नं.९६२ मिति २०७७/३/३ को पत्रबाट आयकर ऐन, २०५८ बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) को निसर्गमा लाग्ने कर सम्बन्धमा भएको व्यवस्था तहाँ बोर्डलाई जानकारी गराइदिने भनी लेखी आएकोले सो सम्बन्धमा भएको व्यवस्था देहाय बमोजिम रहेको व्यहोरा मिति २०७७/३/४ को निर्णयानुसार अनुरोध गर्दछु ।

१. आयकर ऐन, २०५८ को दफा ९७ को उपदफा (१) को खण्ड (ङ) बमोजिम आय विवरण पेश गर्न नचाहने दफा २(द) बमोजिमको गैर व्यावसायिक करयोग्य सम्पत्ति निःसर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले दफा ९६ बमोजिम आय विवरण पेश गर्नुपर्ने छैन भन्ने व्यवस्था भएकोले उक्त व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्राकृतिक व्यक्तिको नाममा रहेको शेयर बिक्रीमा भएको लाभमा दफा ९५क. को उपदफा (२) को खण्ड (क) बमोजिम बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशतका दरले अग्रिम कर कट्टी गरेको अवस्थामा सो व्यक्तिको त्यस्तो आयमात्र भएमा निजले आय विवरण पेश गर्न नचाहेमा आय विवरण दाखिला गर्न नपर्ने ।

२. गैर व्यावसायिक करयोग्य सम्पत्ति निःसर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले आय विवरण पेश गर्न चाहेमा आय विवरण पेश गर्न सक्ने व्यवस्था रहेको र यसरी आय विवरण पेश गर्दा आयकर ऐन, २०५८ को दफा ९५क. बमोजिम दाखिला गरिएको अग्रिम कर त्यस्तो व्यक्तिले तिर्नुपर्ने बार्षिक कर दायित्वमा मिलान गर्न पाउने ।यसरी आय विवरण पेश गर्दा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा ४ को खण्ड (ख) को उपखण्ड (३) बमोजिम नेपाल धितोपत्र

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
(नीति शाखा)

फोन नं. ४४१५८०२
४४१५८०३
४४१०७१०
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np
लाजिम्पाट, काठमाण्डौं

प.सं.:२०७६/७७
च.नं.: १९३

बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशतको दरले कर लाग्ने गरी करको दर तोकिएको ।

३. धितोपत्र कारोबार सञ्चालन गर्ने निकाय नेपाल स्टक एक्सचेन्ज लिमिटेडले अग्रिम कर असुल गरी दाखिला गरेको हकमा त्यस्तो अग्रिम कर असुली गरिएका व्यक्तिहरुले अग्रिम कर दाखिलाको निस्सा लिन चाहेमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड दर्ता रहेको मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट लिन सक्ने साथै गैर व्यावसायिक करयोग्य सम्पत्ति निःसर्गको आयमात्र भएका व्यक्तिले आय विवरण पेश गर्न चाहेमा आय विवरण पेश गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र लिन सक्ने ।

युवराज बस्नेत
(शाखा अधिकृत)

बोधार्थ तथा कार्यार्थ

श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा, सिंहदरवारः-(तहाँको च.नं.९६२ मिति २०७७/३/३ को पत्रको सन्दर्भमा ।)

श्री ठूला करदाता कार्यालय, हरिहरभवन ।

श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।

श्री आन्तरिक राजस्व कार्यालय, सबै ।

श्री करदाता सेवा कार्यालय, सबै ।

नेपाल धितोपत्र बोर्ड
दर्ता नं. ९९९६
मिति: ०३/१०
फाइल नं.

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
(नीति विश्लेषण शाखा)

फोन नं. ४४१५८०२, ४४१५८०३, ४४१०७१०, ४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np
लाजिम्पाट, काठमाण्डौं

प.सं.:२०७६/७७
च.नं.: १९४

मिति:-२०७७/३/५

**विषयः** <u>गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) निसर्गको कर सम्बन्धमा</u> ।

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

प्रस्तुत विषयमा यस विभागको च.नं.१९३ मिति २०७७/३/४ को पत्रबाट आयकर ऐन, २०५८ बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) को निसर्गमा लाग्ने कर सम्बन्धमा जानकारी गराइएको बुँदा नं. ३ को विषयवस्तुलाई देहाय बमोजिम थप स्पष्ट गरिएको व्यहोरा मिति २०७७/३/५ को निर्णयानुसार अनुरोध गर्दछु ।

"धितोपत्रको कारोबारमा हुने पुँजीगत लाभको अग्रिम कर असुलीको विवरण तथा कर विद्युतीय प्रणाली **(E-TDS)** मार्फत दाखिला भएको अवस्थामा सम्बन्धित लाभग्राही प्राकृतिक व्यक्ति **(Individual)** ले आफूलाई पायक पर्ने आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट कर चुक्ता प्रमाणपत्र लिन सक्ने ।"

युवराज बस्नेत
(शाखा अधिकृत)

<u>बोधार्थ तथा कार्यार्थ</u>
श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा, सिंहदरवार ।
श्री ठूला करदाता कार्यालय, हरिहरभवन ।
श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।
श्री आन्तरिक राजस्व कार्यालय, सबै ।
श्री करदाता सेवा कार्यालय, सबै ।